प्रदेश सरकार

# भौतिक पुर्वाधार बिकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल

भौतिक पुर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

प.सं. २०७६।७७

च.नं. १५६

मितिः २०७६/०४/२०

विषयः आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

श्री कार्यालय प्रमुख/डिभिजन/सब डिभिजन प्रमुखज्यु

भौतिक पुर्वाधार विकास मन्त्रालय, गण्डकी प्रदेश।

विनियोजन ऐन, २०७६ बमोजिम आर्थिक वर्ष २०७६/७७ का लागि यस मन्त्रालय अन्तर्गतका निकायहरूका लागि छुट्टाइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको कार्य गर्नुहुनेछ । विनियोजन ऐन, २०७६ कार्यान्वयनको सन्दर्भमा थप स्पष्टता सहित देहायको बजेट खर्च मार्गदर्शन यहाँको जानकारीको लागि पठाइएको छ। आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु गराउनुहुन अनुरोध गर्दछु।

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P- LMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाईबाट निकासा लिन सकिनेछ ।

२. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका कुनै कार्यक्रमलाई संशोधन गर्नुपर्ने भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ । यसरी कार्यक्रम संशोधन गर्दा साबिकको बजेट घट्ने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको पत्र प्राप्त भएपछि मात्र संशोधन हुनेछ।

३. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका आयोजना/ कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाउन पाइने छैन। स्रोतको सुनिश्चितता नभई सुरू गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि मन्त्रालयबाट थप निकासा, रकमान्तर तथा स्रोतान्तर गरिने छैन।

४. वहुवर्षीय ठेक्का/ खरिद गर्नुपरेमा पछिल्ला वर्षहरूको स्रोत सुनिश्चितताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिनुपर्ने भएकाले समयमा पेश गर्नुहुनेछ।

५. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँड गर्दा तलब, महंगी भत्ता, पोशाक भत्ता, भाडा, पानी, बिजुली, सञ्चार महसुल जस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्टयाई बाँकी रकम अन्य कार्यका लागि बाँडफाँड गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व वापत बाँडफाँड कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर तथा थप निकासा हुने छैन।

६. २०७६ फागुन मसान्तसम्म पनि काम सुरू नभएका कार्यक्रमको सम्पूर्ण बजेट चैत्र १ गतेभित्र फिर्ता गर्नुपर्नेछ।

७. प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म कुनै प्रकारका थप निकासा/ रकमान्तर मागलाई मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/ गराउनु हुनेछ।

८. सशर्त अनुदानबाट कार्यान्वयन गरिने आयोजना/ कार्यक्रम संशोधन गर्नुपरेमा उद्देश्यमा परिवर्तन नहुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट संशोधन गराउनु पर्ने भएकाले सशोधन भएपछि मात्र बिनियोजन भएको भन्दा थप बजेट खर्च गर्न पाइनेछ ।

सचिव

प्रदेश सरकार

# भौतिक पुर्वाधार बिकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल

भौतिक पुर्वाधार बिकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल

९. कार्यक्रममा परेको चार पाङ्ग्रे सवारी साधन खरिद प्रक्रिया सुरू गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिएर मात्र गर्नुपर्ने हुनाले स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१०. विनियोजन ऐन, २०७६ को दफा ५ को उपदफा (९) बमोजिम प्रदेश सरकारका कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति लिएर मात्र गर्नुपर्ने हुनाले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

११. सशर्त अनुदानमा प्राप्त आयोजना वा कार्यक्रमको कार्यक्रम तथा खर्चको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गराउनु हुनेछ। सशर्त अनुदानमा राखिएको रकम तोकिएको कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ ।

१२. पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन। सामान्यतया २०७७ जेठ मसान्तपछि प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा विनियोजन ऐन, २०७६ बमोजिम एक अनुदान संख्याबाट अर्को अनुदान संख्यामा, एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर तथा स्रोतान्तर हुने छैन ।

१३. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा प्रदेश लेखा नियन्त्रक वा इकाई कार्यालयबाट बजेट रोक्का राखेको जानकारी पत्र सहित रकमान्तर माग गर्नु गराउनु हुनेछ।

१४. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु गराउनुहुनेछ। यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिनेछैन। तोकिएको निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्नुपर्नेछ।

१५. स्वीकृत दरबन्दि भित्र रहेर मात्र करार सेवाका कर्मचारीहरुको व्यवस्थापन गर्नुहुनेछ ।

१६. पानी, बिजुली, सञ्चार महसुल, इन्धन, भत्ता, मसलन्द, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च, क्षमता विकास जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नुपर्नेछ। साथै, सशर्त अनुदानबाट यस्ता कार्यक्रमका लागि बजेट प्राप्त भएकोमा दोहोरो नपर्ने गरी मिलाउनु हुनेछ।

१७. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमीनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा उपलब्ध भएसम्म सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१८. सम्भव भएसम्म नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचर लगायतका सामानको लिलाम गर्ने प्रबन्ध मिलाउनुहुनेछ।

१९. बजेट कार्यान्वयनको अनुगमनको लागि आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) साउन मसान्त भित्र तयार गरी मन्त्रालयमा पठाउनुहुनेछ।

सचिव

प्रदेश सरकार

# भौतिक पुर्वाधार बिकास मन्त्रालय

गण्डकी प्रदेश

पोखरा नेपाल

२०. आयोजना निर्माण कार्यस्थलमा कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य सुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिणाम वा उपलब्धि काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्न सक्ने गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. आ ब २०७६।७७को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्य योजना बनाइ त्यसको अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू, समाधानका लागि गरिएका प्रयासहरु, समस्या समाधानार्थ सुझावहरु उल्लेख गरी Soft copy सहित प्रत्येक महिनाको ३(तिन) गतेभित्र मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

२२. आर्थिक वर्ष २०७६/७७ को बजेटसँग सम्बन्धित निम्न प्रकाशनहरू आर्थिक मामिला तथा योजना मन्त्रालयको वेवसाइट moeap.gandaki.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(क) विनियोजन ऐन, २०७६
(ख) आर्थिक वर्ष २०७६/७७ को व्यय अनुमान
(ग) आर्थिक वर्ष २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण
(घ) आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य
(ङ) आर्थिक वर्ष २०७६/७७ को वार्षिक विकास कार्यक्रम

सचिव

भौतिक पुर्वाधार विकास मन्त्रालय गण्डकी प्रदेश पोखरा, नेपाल